प्रदेश सरकार, प्रदेश नं ३

# आर्थिक मामिला तथा योजना मन्त्रालय

हेटौंडा, मकवानपुर

☎ ०५७-५२७५२०
📠 ०५७-५२७५१८
Email: moeap3@gmail.com
URL: moeap.p3.gov.np

पत्र संख्या : २०७४/७५

चलानी नं. :- ३६२

मिति :- २०७५/०३/२१

विषय : अन्तरसरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शन सम्बन्धमा।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

प्रदेश नं ३ का सबै स्थानीय तहहरु,

आर्थिक बर्ष २०७५/०७६ मा यस प्रदेश अन्तर्गतका विभिन्न मन्त्रालय/निकायहरुले गर्ने सेवा र कार्यहरुको निम्ति खर्च गर्ने अधिकारका लागि संघीय कानूनी व्यवस्था अनुरुप २०७५ असार १ गते प्रदेश सभामा विनियोजन विधेयक पेश भई सकेको व्यहोरा अवगत नै छ। उक्त विधेयकमा व्यवस्था भए अनुरुप अनुदान दाखिला, सशर्त योजना वा कार्यक्रम हस्तान्तरण र सो कार्यान्वयन गर्नुपर्ने हुँदा ती प्रावधान सहितको मार्गदर्शन मिति २०७५/०३/२० को (मन्त्रीस्तरीय) निर्णय अनुसार यहाँको जानकारी र कार्यान्वयनका लागि पठाइएको छ। विधेयकमा यी प्रावधानहरु सहितको मार्गदर्शनबाट वित्तीय हस्तान्तरण र योजना वा कार्यक्रम कार्यान्वयनमा सहजता आउने विश्वास छ। साथै माननीय मन्त्रीज्यूबाट स्वीकृत सशर्त कार्यक्रमहरुको विवरण यसै साथ संलग्न छ।

वित्तीय हस्तान्तरण र कार्यान्वयन सम्वन्धमा

(१) वित्तीय समानीकरण अनुदानको एक चौथाइले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय सञ्चित कोषमा प्रत्येक वर्षको भाद्र १५ गते, कात्तिक १५ गते, माघ १५ गते र वैशाख १५ गते गरी चार किस्तामा दाखिला गर्ने छ।

(२) वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय वा निजले तोकेको कार्यालयमा प्रत्येक वर्षको कात्तिक १ गते, माघ १ गते, वैशाख १ गते र असार मसान्त सम्म वुझाइ सक्नु पर्नेछ। विवरण प्राप्त नभए सम्म वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम सम्वन्धित सचितकोषमा दाखिला गरिने छैन।

(३) सशर्त अनुदानको रकमको एक चौथाई रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा निजले तोकेको कार्यालयले स्थानीय सञ्चित कोषमा श्रावण ३० गते र बाँकी रकम खर्च विवरणका आधारमा चौमासिक रुपमा दाखिला गर्नेछ।

(४) सशर्त अनुदानको रकम जुन योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्नुपर्ने छ। र सो को प्रगति विवरण कात्तिक १ गते, माघ १ गते, वैशाख १ गते र असार मसान्त सम्म वुझाइ सक्नु पर्नेछ।

(५) प्रदेश लेखा नियन्त्रक कार्यालयले कुनै योजना वा कार्यक्रमको निमित्त हस्तान्तरण हुने सशर्त अनुदानको रकम कार्यान्वयन हुने अवधि, कार्यान्वयनको अवस्था र खर्च विवरण समेतका आधारमा चौमासिक रुपमा स्थानीय सञ्चित कोषमा दाखिला गर्नेछ।

सचिव

(६) सशर्त र विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई वचत भएमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा तोकिएको कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था मिलाउनु हुनेछ। यसरी दाखिला हुनुपर्ने रकम दाखिला नभएमा अर्को वर्ष हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानबाट समायोजन गरिने छ।

(७) सवारी साधन कर बाट प्राप्त हुने ४० प्रतिशत स्थानीय तहको अंश स्थानीय विभाज्य कोषमा जम्मा गरी आयोगले तोकेको आधारमा राजस्व बाँडफाँट मासिक रुपमा महिना समाप्त भएको २५ दिनभित्र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा निजले तोकेको कार्यालय मार्फत स्थानीय सञ्चित कोषमा जम्मा हुनेछ। कुनै स्थानीय तहहरुले गैर कानूनी रुपमा पटके सवारी साधन कर उठाएको खुल्न आएमा उक्त सुविधावाट वञ्चित गरिनेछ।

(८) सशर्त अनुदान रकमको योजना वा कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा विगतका खर्चका मापदण्ड लगायतका कार्यविधि सम्वन्धित प्रदेश मन्त्रालयहरुवाट समन्वय गरी प्राप्त गर्नु हुनेछ।

(९) सशर्त अनुदानवाट संचालन हुने कार्यक्रम वा योजना कार्यान्वयनको लागि द्विविधा पर्न गएमा प्रदेशको सम्वन्धित विषयगत मन्त्रालयसँग समन्वय गर्नु हुनेछ।

(१०) प्रदेशवाट हस्तान्तरण भएका योजना वा कार्यक्रमका लागि स्थानीय तहवाट थप वजेट समावेश गरी कार्यान्वयन गर्न सकिनेछ।

(११) स्वास्थ्य क्षेत्र प्रवर्धन तर्फका सशर्त कार्यक्रमहरुको आफै कार्यक्रम वनाइ कार्यान्वयन गर्न सकिने छ।

**विशेष अनुदान प्राप्त गर्ने स्थानीय तहले पालना गर्नु पर्ने विषय**

(१) विशेष अनुदान प्राप्त गर्ने स्थानीय तहले निम्न क्षेत्रका निम्न क्रियाकलापहरुको सीमा भित्र रही आफ्नो प्राथमिकताका आधारमा योजना छनोट गरी प्रभावकारी कार्यान्वयन गर्नु पर्नेछ।

| क्र.सं | क्षेत्र | क्रियाकलाप |
|---|---|---|
| १ | शिक्षा | स्थानीय तह भित्रको एक सामुदयिक क्याम्पस पूर्वाधार निर्माण तथा स्तरोन्नति |
| २ | स्वास्थ्य | स्थानीय तह भित्र कम्तिमा १५ शैयाको एक अस्पत्तालको भौतिक पुर्वधार निर्माण तथा स्तरोन्नति |
| ३ | खानेपानी | स्थानीय तह भित्र सकेसम्म सवै वडामा स्वच्छ खानेपानीको सुविधा |
| ४ | वैक | स्थानीय तह भित्र कम्तिमा एक वाणिज्य वैकको शाखा विस्तारको लागि उपयुक्त ठाउमा उपयुक्त भवन निर्माण तथा स्तरोन्नति (वैक स्थापना, प्रदेश र सम्वन्धित वैकको समझदारीमा स्थापना गर्न प्रेरित गरिने) |
| ५ | सडक | नजिकको विन्दु देखि स्थानीय तहको कार्यालय सम्म वाह्रै महिना सचालन हुने सडक निर्माण (यस्तो सडक निर्माण भइ सकेको भएमा स्थानीय तहको कार्यालयदेखि सवै वडा कार्यालयसम्म जाने कच्ची सडक) |
| ६ | विद्युतीकरण | स्थानीय तह भित्रको वैक र स्थानीय तह कार्यपालिका कार्यालयमा विद्युत पहुँच |
| ७ | कार्यपालिका भवन | गाउँकार्यपालिकाको आफ्नो जग्गा भएको तर भवन नभएको भए भवन निर्माण गर्न सक्ने |

(२) विशेष अनुदान सम्वन्धमा सो अनुदान प्राप्त गर्ने सम्वन्धित स्थानीय तहले उल्लेखित ७ वटा आधारको सीमा भित्र रही योजना छनौट गरी सम्वन्धित गाउसभावाट र नगरसभावाट पारित गरी यस मन्त्रालयवाट योजना स्वीकृत भए पछि मात्र निकास प्रकृया सुनिश्चित गरिनेछ।

(३) विशेष अनुदानको अन्य व्यवस्थाका सम्वन्धमा प्रदेश सरकारले आवश्यक कार्यविधि बनाउने प्रकृयामा रहेको र सो पारित भए पछि सोही आधारमा अन्य व्यवस्था सचालनमा आउनेछ।

**वित्तीय अनुशासन**

(१) आफूले उठाएको राजस्व, बाँडफाँटबाट प्राप्त राजस्व र प्रदेश सरकारबाट हस्तान्तरण भएको अनुदान कानून बनाई खर्च गर्नुपर्ने छ।

(२) प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेशको आय र व्ययको एकिकृत आर्थिक विवरण तयार गरी महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने हुँदा निर्धारित ढाँचामा तहाँको आय र व्ययको विवरण सम्बन्धित निकासा दिने कार्यालयमार्फत पठाउने व्यवस्था गर्नुपर्ने छ।

(३) कानून बनाउँदा देहायका कुराहरु पालना हुने व्यवस्था मिलाउनु पर्नेछ :

(क) प्रदेशको आर्थिक तथा वित्तीय नीति अनुशरण गर्ने,

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिला गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्ने,

(घ) पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाउने र

(ङ) आय व्ययको वर्गीकरण र लेखांकन नेपाल सरकारले सिफारिस गरे वमोजिम गर्नुपर्ने।

आर्थिक वर्ष २०७५/०७६ को प्रदेश नं ३ को वजेटसँग सम्बन्धित प्रकाशनहरु यस मन्त्रालयको website https://moeap.p3.gov.np मा हेर्न र डाउनलोड गर्न सकिन्छ।

बसन्त अधिकारी
(सचिव)

**बोधार्थ :**

श्री महालेखापरीक्षकको कार्यालय, बबरमहल, काठमाडौं।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, हेटौंडा।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, हेटौंडा।